# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, वैशाख १ गते २०४४ साल (अतिरिक्ताङ्क २ (ख)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्र ऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्र ऋण नियमहरू, २०२० को नियम ४ को उपनियम (१) बमोजिम राष्ट्र ऋण उठाउने व्यवस्था अनुरूप राष्ट्रिय बचतपत्र निष्काशन गर्न यो सूचना प्रकाशित गरिएको छ।

यो राष्ट्रिय बचतपत्रको नाम, जम्मा मूल्य, भुक्तानी अवधि, व्याजदर, व्याज भुक्तानी दिने समय र अन्य शर्तहरू निम्न बमोजिम खुलाइएको छ।

१. बचतपत्रको नामः यो बचतपत्रको नाम "राष्ट्रिय बचतपत्र २०५९ (नगद अनुदान)" रहेको छ।

२. बचतपत्रको रकमः यो बचतपत्रको जम्मा रकम रू. ६,००,००,०००।– (रू. छ करोड मात्र) हुनेछ।

३. बचतपत्रको व्ययभारः यो बचतपत्रको व्ययभार श्री ५ को सरकारको सर्व-संचित कोषमाथि हुनेछ।

मुद्रण विभाग, सिंहदरबार
मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. बचतपत्रको प्रकारः यो बचतपत्र कम्तीमा रू. १००।– र बढीमा १०० ले भाग गर्दा निःशेष हुने वाणिज्य बैङ्कबाट प्राप्त प्रमाणित विवरण अनुसारको रकम, अनुदान प्राप्त गर्ने व्यक्ति वा फर्मको नाममा निष्काशित रकममा नबढाई निष्काशन गरिनेछ ।

५. बिक्री अवधिः यो बचतपत्र मिति २०४४ वैशाख १ देखि २०४४ वैशाख १५ तक वाणिज्य बैंकहरूले प्रमाणित गरी पठाएका आवेदनपत्रहरूका आधारमा सम्बन्धित निर्यातकर्ताहरूका नाममा रू. ६ करोडले भ्याएसम्म वितरण गर्नको लागि निष्काशन गरिएको छ ।

६. बिक्री मूल्यः बचतपत्रमा उल्लेख गरे बमोजिम पूरापूर मूल्य (Face Value) मा बिक्री गरिनेछ ।

७. बचतपत्रको लागि दरखास्त दिनुपर्नेः

(क) यो बचतपत्र नेपाल राष्ट्र बैंक राष्ट्र ऋण विभागमार्फत निष्काशन गरिनेछ । बैंकले तोकिदिएको ढाँचामा वाणिज्य बैंकहरूबाट आफूले प्राप्त गर्ने नगद अनुदानको रकम प्रमाणित गराई दरखास्त पेश गर्नु पर्दछ ।

(ख) दरखास्त फाराम निःशुल्क पाइनेछ ।

८. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकारः निष्काशित गरेको रकमभन्दा बढी रकमको दरखास्त प्राप्त हुन आएमा श्री ५ को सरकारको निर्णय अनुसार हुनेछ ।

९. स्वीकृत रकमको प्रमाणपत्र दिनेः स्वीकृत भएको बचतपत्रको प्रमाणपत्र, सम्बन्धित फर्मको नाममा स्टकको रूपमा मात्र दिइनेछ ।

१०. बचतपत्रको व्याजः बचतपत्रको व्याज नेपाल राष्ट्र बैंक वा सो बैंकको एजेण्ट सरह भै काम गर्ने वाणिज्य बैंकहरू र बैंकिङ कारोवार गर्ने कृषि विकास बैंकको कार्यालयहरूमार्फत बचतपत्र निष्काशन भएको मिति अर्थात् २०४४।१।१६ देखि नै वार्षिक १३ प्रतिशतका दरले प्रत्येक ६।६ महिनामा दिइनेछ ।

११. बचतपत्रको साँवा भुक्तानीः यो बचतपत्रको साँवा भुक्तानी २०५९ साल वैशाख १६ गतेदेखि दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. बचतपत्रको भुक्तानी दिने ठाउँ: यो बचतपत्रको साँवा र व्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैंक वा वाणिज्य बैंकहरु तथा बैंकिङ्ग कारोवार गर्ने कृषि विकास बैंकको कार्यालयहरूमार्फत भुक्तानी दिइनेछ।

१३. बचतपत्रसम्बन्धी व्यवस्था: यो बचतपत्रको व्यवस्था र तत्सम्बन्धी सबै काम कारवाई नेपाल राष्ट्र बैंक राष्ट्र ऋण विभागले गर्नेछ।

१४. कर नलाग्ने: यो बचतपत्रबाट प्राप्त व्याजमा आयकर छुट दिइएको छ ।

१५. बचतपत्र खरिद गर्ने अधिकार: यो बचतपत्रहरू निर्यात अनुदानको रकम पाउने निर्यातकर्ताहरूले मात्र पाउनेछन् ।

१६. बचतपत्रसम्बन्धी कानूनी कारवाई: यो बचतपत्रसम्बन्धी कानूनी कारवाई प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22